# बागमती प्रदेश सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र

पत्र संख्याः ०८०/८१ मानभवन, ललितपुर, नेपाल

च.नं.

## आवेदन/ प्रस्ताव आव्हान सम्बन्धि सूचना

सूचना नंः ०८/२०८०/८१ सूचना प्रकाशित मितिः २०८०/०८/२७

कृषि ज्ञान केन्द्र, ललितपुरको आ.व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्यक्रमहरु लागत साझेदारीमा संचालन गर्न यस केन्द्रको कार्यक्षेत्र (काठमाण्डौ, भक्तपुर, ललितपुर जिल्ला) भित्रका इच्छुक योग्य आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन (मिति २०८०/०९/१७) सम्म कार्यालय समयभित्र आईपुग्ने गरी देहाय बमोजिमका कागजातहरु सहितको आवेदन/प्रस्ताव तयार गरी कृषि ज्ञान केन्द्र, ललितपुरमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

<u>तपसिलः</u>

| क्र.सं. | कार्यक्रमको नाम | इकाई | परिमाण | बजेट रु लाखमा | आवेदन दिन सकिने क्षेत्रहरु | योग्य आवेदकहरु |
|---|---|---|---|---|---|---|
| १. | उच्च प्रविधियुक्त संरचनामा तरकारी खेती प्रवर्द्धन कार्यक्रम | रोपनी | १५ | १०५ | **उच्च प्रविधियुक्त संरचना अन्तर्गत**<br>• जि. आई. पाईपको प्लाष्टिक घर<br>• UV प्लाष्टिक फलामको प्लाष्टिक घर ।<br>• नेचुरल्ली भेन्टिलेटेड ग्रीनहाउस (पोलिहाउस)<br>• बाँसको प्लाष्टिक घर पर्दछ। | • कृषक समुह,<br>• कृषि सहकारी,<br>• कृषि फर्म |
| २. | न्युनतम समर्थन मुल्य | पटक | १ | १० | **कृषि उपज**<br>(धान, मकै, गहुँ, आलु र तरकारी बाली) | **उत्पादक-** (कृषक, कृषक समुह, कृषि सहकारी, कृषि फर्म)<br>**खरिदकर्ता**-(कृषि कम्पनी र उत्पादन मुलक सहकारी) |

<u>पुनश्चः</u>

यस कार्यक्रमको बारेमा थप जानकारीको लागि कार्यालयमा वा कार्यालयको वेभसाइट **lalitpur.akc.gov.np**, फेसबुक पेज **कृषि ज्ञान केन्द्र**, ललितपुर वा कार्यालयको सम्पर्क नम्बर ०१-५४३४५७३, ०१-५४५६०३७ मा सम्पर्क गर्न सकिनेछ। साथै कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश हेटौंडाको वेभसाइट<u>www.molmac.bagamati.gov.np</u> वा कृषि ज्ञान केन्द्र, ललितपुरको वेभसाइट<u>www.lalitpur.akc.gov.np</u>बाट तोकिएको कार्यविधि डाउनलोड गरि बिस्तृत जानकारी लिन सकिनेछ।

तेज प्रसाद दवाडी
प्रमुख

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**

मानभवन, ललितपुर, नेपाल

पत्र संख्याः ०८०/८१
च.नं.

__कार्यक्रम संचालनको लागि थप विवरण__

"उच्च प्रविधियुक्त संरचनामा तरकारी खेती प्रवर्धन कार्यक्रम" अन्तर्गत संरचना निर्माणको लागि संरचनाको न्युनतम क्षेत्रफल १८० वर्ग मिटर हुनुपर्ने छ साथै संरचना निर्माणको लागि आवश्यक स्विकृत स्पेशिफिकेशन कार्यालयको वेभसाइटबाट डाउनलोड गर्न सकिनेछ। कार्यालयले उपलब्ध गराउने अधिकतम साझेदार रकम प्रति वर्ग मिटर जि. आई. पाईपको प्लाष्टिक घरका लागि रु २०००/- फलामको पाइपको प्लाष्टिक घरका लागि रु १२००/- नेचुरल्ली भेन्टिलेटेड ग्रीनहाउस (पोलिहाउस) का लागि रु २३८०/- तथा बाँसको प्लाष्टिक घरका लागि रु ३४०/- हुनेछ।

__उच्च प्रविधियुक्त संरचनामा तरकारी खेती प्रवर्धन कार्यक्रमपेश गर्नुपर्ने कागजातहरुको विवरणः__

१. रु.१०।-को हुलाक टिकट टाँस गरी __प्रविधि र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०__ को अनुसूची-२ बमोजिमको आवेदन, अनुसूची-३ बमोजिमको प्रस्ताव र अनुसूची-४ बमोजिमको प्रतिवद्दता पत्र ।
२. आवेदकको संस्था दर्ता/नविकरणको प्रमाणपत्रको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र ।
३. संस्था PAN वा VAT प्रमाणपत्र र पछिल्लो आ.व.को कर चुक्ताको फोटोकपी ।
४. समुह/सहकारी संस्थाको हकमा बैठकको निर्णयको प्रतिलिपि र आवेदन प्रक्रियाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र ।
५. संरक्षित संरचना निर्माण गर्ने जग्गाको लालपुर्जा वा करार सम्झौताको फोटोकपी ।
६. संरचना निर्माणको हकमा इजाजतपत्र प्राप्त निर्माण प्राविधिकले तयार गरेको डिजाइन र लागत अनुमान (स्विकृत स्पेशिफिकेशनको आधारमा)
७. सम्बन्धित स्थानिय तह वा वडा कार्यलयको सिफारिस पत्र।

__न्युनतम समर्थन मुल्यकार्यक्रमपेश गर्नुपर्ने कागजातहरुको विवरणः__

१. रु.१०।-को हुलाक टिकट टाँस गरी __न्युनतम समर्थन मुल्य कार्यान्वयन कार्यविधि २०७९__को अनुसूची -२ बमोजिमको आवेदन (उत्पादकको हकमा) तथा अनुसूची-३ बमोजिम आवेदन (खरिदकर्ताको हकमा)
२. आवेदकको संस्था दर्ता/नविकरणको प्रमाणपत्रको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र ।
३. संस्था PAN वा VAT प्रमाणपत्र, र पछिल्लो आ.व.को कर चुक्ताको फोटोकपी ।
४. संस्थाको हकमा लेखा परिक्षणको प्रमाणित प्रतिलिपि ।
५. संस्थाको हकमा बैठकको निर्णयको प्रतिलिपि र आवेदन प्रक्रियाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र (समुह/सहकारीको हकमा) र अख्तियार प्राप्त व्यक्तिको नागरिकताको फोटोकपी ।
६. सम्बन्धित स्थानियतह वा वडा कार्यलयको सिफारिस पत्र ।
७. उत्पादकको हकमा कम्तिमा १० कठ्ठा (६.६ रोपनी) क्षेत्रफलमा बाली लगाएको हुनुपर्ने तथा कार्यक्रम संचालन हुने स्थान जग्गा जमिनको स्वामित्व भएको कागजात वा भाडामा जग्गा लिएको भएको सम्झौता पत्र ।

तेज प्रसाद दवाडी
प्रमुख

फोन नं : ०१-५५३४५७३/६१६ ईमेल : akclalitpur@gmail.com वेबसाईट : lalitpur.akc.gov.np